सिञ्चितक्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमका लागि रु.७ करोड रकम विनियोजन गरेको छु।

४५. स्थानीय तहको सहकार्यमा छाडा गाईवस्तु व्यवस्थापन तथा गौशाला सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

४६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागि रु.१ अर्ब ५० करोड विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

**उद्योग तथा वाणिज्य**

४७. स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। स्टार्ट-अप ईको सिस्टमलाई संस्थागत गर्दै नवप्रवर्तन सहितको पुँजीमा पहुँच र उद्यमशीलता प्रवर्धनमा जोड दिएको छु। साथै, जेन् जी पुस्ता केन्द्रित उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम छुट्याएको छु।

४८. युवाहरूलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन परीक्षण सहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ६५ लाख विनियोजन गरेको छु।

४९. "क्रेता र विक्रेताको सम्बन्धको आधार; उचित मूल्य, गुणस्तरीय वस्तु, विश्वासको व्यापार" भन्ने अभिप्रायका साथ उद्योगी व्यवसायीको सम्मान र उपभोक्ता

अधिकारको संरक्षण गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५०. उपभोग्य वस्तुको सहज र सरल आपूर्तिको लागि लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम (पूर्व)मा सुपथ मूल्य पसल सञ्चालन गर्न बजेट व्यवस्था मिलाएको छु।

५१. स्थानीय घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण तथा बिक्रीका लागि कानुनी प्रबन्ध मिलाइनेछ।

**पर्यटन प्रवर्धन तथा सम्पदा संरक्षण**

५२. बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रुरु-रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न बजेट विनियोजन गरेको छु।

५३. प्राचीन स्मारक तथा पुरातात्विक एवम् साँस्कृतिक सम्पदा, धार्मिक सम्पदा, पर्यटकीय तथा पर्यावरणीय स्थलको संरक्षण र प्रवर्धन गर्ने उद्देश्य अनुरूप डिजिटल अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न आवश्यक रकम छुट्याएको छु।

५४. प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिक ग्रामको रूपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५५. रुरु क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ। शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गर्ने कार्यमा सहयोग पुऱ्याउन बजेट छुट्याएको छु।

५६. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक सँस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउन बजेट विनियोजन गरेको छु।

५७. प्रदेशभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका विषयहरु संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन प्रक्रियालाई अगाडि बढाइनेछ।

५८. संस्कृतिको पुस्तान्तरण तथा प्राकृतिक जीवनशैलीको अनुशरण गर्न "ब्याक टु नेचर र ब्याक टु कल्चर" कार्यक्रमलाई निरन्तरता दिएको छु।

५९. गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा प्रदेश सरकारको अपनत्व एवम् सहभागिता बढाउन तथा अन्तर्राष्ट्रिय स्तरमा यसको प्रवर्धन गर्न लुम्बिनी विकास कोष, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी लुम्बिनी विकास प्राधिकरणको गठन प्रक्रिया अगाडि बढाइनेछ।

६०. "लुम्बिनीमा पाइला टेक" भन्ने नारालाई सफल बनाउन लुम्बिनी बौद्ध अन्तर्राष्ट्रिय शिखर सम्मेलन आयोजना गर्न बजेट छुट्याएको छु।

६१. मध्यपहाडी लोकमार्गको प्रमुख स्थल रुकुमकोटलाई **हिमालयन पर्यटन हब**को प्रस्थान विन्दुको रुपमा विकास गरी रन्मामैकोट-सुनदह-पुथा बेसक्याम्प, गुप्तदह-सिस्नेगाँउ-सिस्ने हिमाल बेसक्याम्प र पातिहाल्ने-चौरीलेक पदमार्ग निर्माण तथा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

६२. रोल्पाको थवाङ-जलजला पर्यटकीय पदमार्गको स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु। कोईलाबास-धारापानी-स्वर्गद्वारी तीर्थमार्ग निर्माण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु।

६३. पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण र विकासमा सार्वजनिक लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको सहकार्यमा "तराईमा रमाउने, पहाडमा घमाउने र हिमाल चढाउने" कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

६४. बर्दिया राष्ट्रिय निकुञ्जमा भ्रमण गर्ने पर्यटकलाई लक्षित गरी ठाकुरबाबाको हात्तिसारमा पर्यटकीय जलाशय निर्माणको सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको छु।

६५. धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचार प्रसार, संरक्षण एवम् प्रवर्धन समेतलाई सहयोग पुग्ने गरी महत्वपूर्ण पर्यटकीय स्थलमा प्रदेश मन्त्रिपरिषद्को बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६६. निजीक्षेत्रको सहकार्यमा प्राकृतिक, साँस्कृतिक, कृषि, खेलकुद, साहसिक र आरोग्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्न रु.५ करोड विनियोजन गरेको छु।

६७. ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास, संरक्षण र प्रवर्धनका लागि रु.८० करोड विनियोजन गरेको छु।

**यातायात सेवा**

६८. "मोबाईल हातमा: यातायात सेवा साथमा" भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउन आवश्यक बजेट छुटयाएको छु।

६९. यातायात सेवाका सबै अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्दै जाने व्यवस्था मिलाएको छु। प्रदेश यातायात कार्यालयहरूबाट समेत सवारी चालक अनुमति पत्र छपाइ गर्ने व्यवस्था मिलाउन रु.१ करोड ५० लाख विनियोजन गरेको छु।

**श्रम तथा रोजगार**

७०. प्रदेश समृद्धिमा "नागरिकको योगदान, महिनाको एक दिन श्रमदान" भन्ने उक्तिलाई आत्मसात गर्दै श्रमको सम्मान गर्ने सँस्कृति विकासका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी स्वरोजगार बन्न प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिएको छु। वैदेशिक रोजगारी सम्बन्धी